
**नेवा सेकुवा पसः**
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय ‘क’ वर्ग
prateekdaily.com


**NITCO**
TILES MARBLE MOSAICO

Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर १३ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 29 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९३

## महिला हिंसाविरुद्धको घटनामा वृद्धि

नितेश कर्ण, वीरगंज, १२ मङ्सिर/

पर्सा जिल्लामा महिला हिंसाविरुद्धको घटनामा वृद्धि भएको पाइएको छ ।

तस्वीरः फाइल



जिल्ला प्रहरी कार्यालय, पर्साको तथ्याङ्क अनुसार चालू आवको चार महीना अर्थात् कात्तिक मसान्तसम्म घरेलु हिंसाका २२५ वटा निवेदन, उजूरी रहेकामा १०५ वटा फछ्र्योट भएका छन् ।

त्यसैगरी, महिला झैंझगडा, कुटपिटका ३६१ वटा निवेदन दर्ता रहेकामा १९० वटा फछ्र्योट भएका छन् । चालू आवको चार महीनामा जबरजस्ती करणीका १६ वटा, जबरजस्ती करणी उद्योगका पाँचवटा, मानव बेचबिखनका तीनवटा, बहुविवाहका चारवटा, आत्महत्याका १५ वटा, बोक्सी आरोपका दुईवटा, बालविवाहका एउटा, अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणीका दुईवटा, दाइजोसम्बन्धी कसूरका एउटा, गर्भपतनका दुईवटा मुद्दा दर्ता रहेको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए ।

यसैगरी, चालू आवको चार महीनामा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, गर्भपतन, भवितव्य ज्यान, विषसेवन, झुन्डिएर आत्महत्या, चोरी, ठगी, लागूऔषध, बैंकिङ कसूर, जुवा, सार्वजनिक शान्तिविरुद्ध, सार्वजनिक हित, नैतिकताविरुद्ध, जबरजस्ती करणी, सवारी ज्यान, अपहरण, नागरिकतालगायत ३५ वटा शीर्षकका अपराधमा ४८१ वटा मुद्दा दर्ता रहेको उनले बताए । यी मुद्दाहरूका ४९९ जना अभियुक्त पक्राउ परेको उनले बताए ।

यसैगरी, मुद्दाको अनुसन्धानमा रहेका ४३ जनालाई चार महीनामा पक्राउ गरिएको प्रवक्ता खनालले बताए । जिल्ला प्रहरी कार्यालय, पर्सामा चार महीनामा ८८ वटा मोटरसाइकल हराएको सूचना प्राप्त भएको र ११ वटा मोटरसाइकल फेला परेको तथा २४ जना अभियुक्तविरुद्ध कारबाई चलेको बताए । प्रवक्ता खनालले फरार सूचीमा रहेका ५८ जनालाई पक्राउ गरिएको र उनीहरूबाट रु १ करोड ५३ लाख ६५ हजार राजस्व असुली हुनुका साथै ४२ वर्ष २ महीना ६ दिन कैद सजाय पनि भएको जानकारी गराएका छन् ।

## पोखरिया अस्पताल व्यवस्थित गर्न माग गर्दै प्रदर्शन

प्रस, पोखरिया, १२ मङ्सिर/

पोखरिया अस्पताललाई व्यवस्थितरूपमा सञ्चालन गर्नुपर्ने माग गर्दै आइतवार प्रदर्शन गरिएको छ । लोकतान्त्रिक समाजवादी पार्टीका नेता निजामुद्दीन समानीको नेतृत्वमा पोखरिया अस्पतालअगाडि स्थानीय र प्रदेश सरकारविरुद्ध प्रदर्शन गरिएको हो ।

तस्वीरः प्रतीक



पोखरिया अस्पताललाई व्यवस्थित गर्न प्रदेश सरकारले विभिन्न चरणमा गरेका प्रतिबद्धता पूरा नगरेको भन्दै आज प्रदर्शन गरिएको र यसलाई निरन्तरता दिइने नेता समानीले बताए । उनले आज अस्पतालअगाडि प्रदर्शन गरिएको र आगामी दिनमा स्थानीय र प्रदेश सरकारविरुद्ध अन्यत्र पनि प्रदर्शन गरिने जानकारी गराए । विरोध कार्यक्रम क्रमिकरूपमा हुने उनले बताए ।

अस्पताललाई ५० शय्याको बनाउने घोषणा भएपनि सो अनुरूप कार्य नभएको, १५ शय्याको आइसियू सञ्चालनका लागि उपकरण, पिसिआर मेशिन तथा भेन्टिलेटर मेशिन प्रदेश सरकारले हस्तान्तरण गरे पनि सो सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन नगर्दा उपकरणहरू अहिलेसम्म त्यत्तिकै प्रयोगविहीन अवस्थामा रहेको, अस्पतालमा औषधिको अभाव भएको र सर्वसाधारणले स्वास्थ्य बीमा गराए पनि सो अनुरूपका औषधिहरू पाउन वञ्चित रहेका तथा विगतमा निर्माण भइरहेका बर्थिङ सेन्टरलगायतका योजनाहरूमा पनि प्रदेश सरकारले थप रकम नछुट्याउँदा योजनाहरू अलपत्र अवस्थामा रहेको भन्दै यी सबैलाई व्यवस्थित गर्नुपर्ने माग गर्दै आन्दोलन गर्नुपरेको बताए । प्रदर्शनमा जयनारायण यादव, मुन्ना पटवा, गोपीचन्द साह, चन्द्रभूषणलगायतका व्यक्तिहरूको सहभागिता थियो ।

## भावपूर्ण श्रद्धाञ्जलि


स्व रामदेवप्रसाद कलवार

जन्मः
विसं १९९५

स्वर्गारोहण
२०७८ मङ्सिर १

हाम्रा पूजनीय **रामदेवप्रसाद कलवार**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं साथै हामीमाथि सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण नाता, कुटुम्ब, इष्टमित्रप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**धर्मपत्नीः गौदमियादेवी कलवार**

छोरा/बुहारीहरूः
**शम्भुशरणप्रसाद कलवार / पल्लवी देवी**
**ओमप्रकाश कलवार / रम्भा देवी**
**लक्ष्मणप्रसाद कलवार / प्रीति देवी**

छोरी/ज्वाइँहरू
**उर्मिला देवी / चन्देश्वरप्रसाद गुप्ता**
**प्रेमी देवी / विजयकुमार गुप्ता**

पोताहरूः
**हरिवंशकुमार कलवार**
**सूर्यांश कुमार कलवार**
**राजशिखर गुप्ता**
**प्रणवशिखर गुप्ता**
**लक्ष्य कलवार**
**रिषभ कलवार**

नातिनी / ज्वाइँहरूः
**रूवि देवी / विक्रम कुमार**
**नीतु गुप्ता / मनोज गुप्ता**
**रेखा चौधरी / अमित चौधरी**

सानीआमाका छोराहरूः
**रामेश्वर गुप्ता**
**पप्पुकुमार गुप्ता**

नातिहरूः
**पुष्परञ्जन गुप्ता**
**उत्कर्ष गुप्ता**
**स्वराज गुप्ता**

**एवं समस्त कलवार परिवार**

## विचारसार र सूक्तिहरू

**आफ्नो पहिचान यस्तो बनाउ कि कसैले तिमीलाई बरु छाडोस्, बिर्सिन भने नसकोस् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# दलहरूको कुम्भका बीच ओमिक्रोन

**अहिले नेपालका राजनीतिक दलहरू एकपछि अर्को आआफ्ना नेता, कार्यकर्ता, समर्थक तथा आम मानिसको भीड जम्मा गर्दै राजनीतिक कुम्भ 'राष्ट्रिय महाअधिवेशन'मा रमाइरहेका छन् । नेकपा एमालेको महाकुम्भ चितवनमा सम्पन्न हुन लागेको छ। अब नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र तथा राष्ट्रिय प्रजातन्त्र पार्टी लहरै आआफ्नो कुम्भ आयोजना गर्न कस्सिएका छन् । यी पार्टीहरूको राष्ट्रिय अधिवेशनले नेतृत्व चयन गर्ने हुँदा यसले कुनै–कस्तै चेतावनी र सतर्कताको अवहेलना मात्र गर्नेछ । भनिरहनुपर्दैन अधिवेशनमा आफ्नो शक्ति प्रदर्शन गर्न सबै दलले न्वारानदेखिको बल लगाउने नै छन्। यो स्वाभाविक हो, तर विश्वमा भर्खर देखापरेको ओमिक्रेन नाम दिइको कोरोनाको नयाँ र भयावह भेरिएन्ट देखा परेको छ। यसको मारकशक्ति डेल्टा भेरिएन्टभन्दा पनि बढी हुने स्वास्थ्यविज्ञहरूले बताइरहेका छन् । द अफ्रिकाबाट प्रसारण भएको यस भेरिएन्टले सर्वशक्तिशाली मुलुकको सर्वसम्पन्न राज्य न्युयोर्कमा मानिसहरूलाई सङ्क्रमित पार्न थालेको छ । कतिसम्म भने शुरूको कोरोनाकालमा लामो समयसम्म रोगको बेवास्ता गरेको अमेरिकाको सो राज्यका गभर्नरले तत्काल लकडाउन गर्ने घोषणा गरेका छन् ।**

**न्युयोर्क राज्यले झन्डै दुई महीनासम्म राज्यमा सङ्कटकाल नै घोषणा गरेको छ । किनकि कोभिड–१९ को यो नयाँ संस्करणले पहिले पूर्ण खोप लिइसकेका व्यक्तिलाई पनि सङ्क्रमित गर्न सक्ने सामर्थ्य राख्दछ । यसको भयावहताको यसै कुराबाट अनुमान लगाउन सकिन्छ कि अहिलेसम्म बेलायतलगायत थुप्रै मुलुकहरूले दक्षिण अफ्रिका आउने र जाने हवाईजहाजहरूमा प्रतिबन्ध लगाइसकेका छन्। दक्षिण अफ्रिका नेपालभन्दा धेरै टाढा छ, हाम्रो प्रत्यक्ष उडान पनि छैन भनेर बेवास्ता गर्नुहुँदैन । किनकि आज विश्व यति साँघुरिइसकेको छ कि हिजो द अफ्रिकामा भएको व्यक्ति अन्य जहाज भएर पर्सिपल्टै नेपाल पुग्न सक्छ। हाम्रो स्वास्थ्य सतर्कता निकै फितलो छ। जनता त अल्लारे छ नै, सरकार पनि चनाखो र सतर्क छैन। बितेको दुई चरणको कोरोनाकालमा सरकार सतर्क भएको भए, देशमा यति मानिसको ज्यान जाने थिएन। देशमा कुनै पनि सङ्क्रामक रोग भित्रिन नदिन क्वारेन्टिन नै पहिलो अस्त्र हो। जसको नेपालमा कुनै सहुलियत छैन। देशको तराई क्षेत्रका विभिन्न नाकाहरूमा बन्न लागेका १२ वटा होल्डिङ सेन्टर पनि निर्माण कम्पनीको समयमा काम नगरिदिने रोगले गर्दा अधूरै छन् । त्यति मात्र पनि भइदिएको भए नेपाल प्रवेश गर्ने मानिसलाई क्वारेन्टिनमा राख्ने र परीक्षणपश्चात् अनुकूलताबमोजिम नेपाल प्रवेश गर्न दिन सजिलो हुन्थ्यो। यो त यति खतरनाक भेरिएन्ट छ कि पूर्ण खोप लिएको प्रमाणपत्रलाई पनि आधार मानेर कसैलाई देशभित्र पस्न दिने जोखिम लिन सकिंदैन ।**

**यस्तै बेला राजनीतिक पार्टीहरूको तारन्तार महाधिवेशनहरू भइरहेका छन्। यथास्थितिमा कुनै डर छैन, तर कुनै ओमिक्रेन सङ्क्रमित पनि यस भीडमा सामेल हुन पुग्यो भने त्यसको भयावह नतीजा हुन सक्छ । सरकारले कदापि दाबी गर्न सक्दैन कि सङ्क्रमण देशमा छिरेको छैन। ऊसँग न कुनै तथ्याङ्क छ, न उपयुक्त उपकरण । आफ्नो सामर्थ्यमा भएको होल्डिङ सेन्टर त कहिले बन्छ भन्न नसक्ने सरकारले नयाँ भेरिएन्ट रोक्न के सक्ला ? अहिले त नागरिक पनि स्वास्थ्य सतर्कताबाट टाढिइसकेको छ ।**

# लोकतन्त्रमा विपक्षको भूमिका

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**जब प्रतिपक्ष स्वयंमाथि नै नियन्त्रण राख्न सकिरहेको छैन भने उसले सत्तामा सन्तुलन कसरी कायम गर्न सक्छ ? यो अहम् प्रश्न हो । यस कारण नेपाली प्रतिपक्षले स्वयं आत्मनिरीक्षण गर्नुपर्छ ।**

लोकतन्त्रमा विपक्षको भूमिकामाथि चर्चा गर्नुपूर्व के बुझ्नु आवश्यक छ भने विपक्ष अर्थात् प्रतिपक्ष भनेको के हो ? वस्तुतः विपक्ष वा विरोधी दल त्यो दल हो जो संसद्मा सत्तारूढ दल विपरीतको दल हुन्छ। अर्थात् संसद्मा भएको दोस्रो ठूलो दललाई प्रतिपक्ष भनिन्छ । प्रतिपक्ष वा विरोधी दलको नेतृत्व गर्ने नेतालाई 'नेता प्रतिपक्ष' भनिन्छ । प्रतिपक्ष वा विरोधी दलको नेताको सिद्धान्त ब्रिटिश संसदीय पद्धतिको देन मानिन्छ । यस कारण सम्पूर्ण प्रतिपक्षको तर्फबाट सरकारसँग कुरा गर्न सक्ने योग्य विरोधी दलको नेता हुनुपर्छ ।

संसदीय लोकतन्त्रको जीवन्तता र प्रभावकारिताको लागि एउटा सक्रिय, सशक्त र प्रभावी विपक्ष आवश्यक हुन्छ। नेपाल संसदीय लोकतन्त्रात्मक देश भएकोले यी कुराहरू यहाँ पनि लागू हुन्छ । वास्तवमा भन्ने हो भने संसदीय लोकतन्त्रमा विरोधी दल व्यापक अर्थमा शासन तथा विधायिकाको महत्त्वपूर्ण अङ्ग हुन्छ । संसदीय शासन व्यवस्थामा सरकार आत्मविश्वास, सद्भावना र संविधानको मूल सिद्धान्तमाथि आधारित हुन्छ। सरकार र प्रतिपक्ष दुवैलाई एउटा निश्चित परम्पराको आधारमा काम गर्नुपर्ने हुन्छ । यस व्यवस्थामा प्रतिपक्ष र नेता प्रतिपक्षको सार्वजनिक महत्त्व हुन्छ ।

नेपाली लोकतन्त्रमा हालसम्म विपक्षको भूमिका कस्तो रहेको छ, कति प्रभावकारी रहेको छ र यसले नेपाली लोकतन्त्रको कुन हदसम्म श्रीवृद्धि गरेको छ भन्ने कुराको समीक्षा गर्नुपूर्व एउटा स्वस्थ लोकतन्त्रमा विपक्षको के भूमिका हुनुपर्छ भन्ने विषयबारे जान्नु उचित हुन्छ। सही भन्ने हो भने संसदीय लोकतन्त्रमा विपक्षमाथि धेरै महत्त्वपूर्ण जिम्मेवारी हुन्छ। एउटा राम्रो विपक्षसँग जनताले सत्ताको निरङ्कुशतामाथि नियन्त्रण गरेर जनतान्त्रिक मूल्य र जनतान्त्रिक व्यवस्था सुरक्षित राख्ने अपेक्षा गरेको हुन्छ । यसरी के भन्न सकिन्छ भने लोकतन्त्रमा संरक्षकको रूपमा विपक्षको सर्वाधिक महत्त्वपूर्ण भूमिका हुन्छ । विपक्षको दायित्व सरकारको जनविरोधी नीतिहरूप्रति सरकारलाई सावधान गर्नु र उसलाई मनपरी गर्न नदिनु हो । विपक्षको, लोकतन्त्रको सजग प्रहरीको रूपमा अपेक्षा गरिन्छ। लोकतन्त्रमा विपक्षको भूमिका रेखाङ्कित गर्दै प्रो. जेनिंग्सले भनेका छन्– "यदि देशको जनता स्वतन्त्र छ वा छैन बुझ्नु छ भने त्यहाँ विरोधी दल छ वा छैन र छ भने कस्तो छ बुझ्नु आवश्यक हुन्छ।"

सरकार दिग्भ्रमित भएको बेला विपक्षले नै संवैधानिक उपायद्वारा सरकारलाई दिशाबोध गराउँछ। एउटा सशक्त विपक्षको दायित्व सरकारका गतिविधि र सत्ता पक्षका नेताहरूमाथि निगरानी गर्नु र सरकारको गैरजिम्मेवार तथा जनविरोधी नीतिहरूको खुलेर आलोचना गर्दै उसलाई शक्तिको दुरुपयोग गर्नबाट रोक्नु हो। यो आलोचना, मात्र संसद्मा होइन, संसद् बाहिर जनताको बीच पनि गर्नुपर्छ किनभने लोकतन्त्रमा जनता नै जनार्दन हुन्छ । विपक्षसँग के पनि अपेक्षा हुन्छ भने सरकारद्वारा पेश हुने बजेट र संसद्मा पेश गर्ने विधेयकमाथि पनि निगरानी गरोस्। यदि त्यसमा कुनै आपत्तिजनक वा लोकतान्त्रिक मूल्यविरुद्ध कुरा छ भने त्यसको खुलेर विरोध गरोस्। त्यसमा भएको दोष र गल्ती अगाडि ल्याई सरकारमाथि दबाब बनाउनु पनि विपक्षको नै कार्य हुन्छ । यसको लागि वादविवाद, कार्य स्थगित गर्ने प्रस्ताव, धरना, अनशनजस्ता संवैधानिक उपाय अवलम्बन गर्न सकिन्छ। आवश्यक भएमा न्यायालयको ढोका पनि ढकढकाउन सकिन्छ ।

विपक्षले जनविरोधी सरकारविरुद्ध अविश्वासको प्रस्ताव पनि ल्याउन सक्छ। यहाँ के पनि भन्न उपयुक्त हुन्छ भने मात्र होहल्ला गर्ने वा निहित स्वार्थ वा आफ्नो हित पूर्तिका लागि यस प्रकारको क्रियाकलाप गर्नु विपक्षको लक्षण होइन। हिजोआज विपक्षका यस्तै क्रियाकलापको लागि विपक्ष आलोचनाको शिकार पनि भइरहेको छ किनभने राजनीतिक स्वार्थ पूर्तिका लागि संसद्मा व्यर्थको हङ्गामा खडा गरिन्छ। संसदीय क्रियाकलापलाई ठप्प गर्नुको प्रतिकूल प्रभाव देश विकास र कार्य सम्पादनमाथि पर्दछ । जनताले विपक्षसँग जस्तो रचनात्मक विरोधको अपेक्षा गर्दछ त्यस प्रकारको परिचय दिँदै सरकारको सही क्रियाकलापमा उसलाई सहयोग र साथ पनि दिनुपर्छ। विपक्षको उपस्थिति सधैं सरकारको हरेक गतिविधिको विरोध गर्नको लागि बनेको होइन । यस कारण सरकारको रचनात्मक तथा स्वागतयोग्य पहलको समर्थन पनि गर्नुपर्छ। राष्ट्रिय हितलाई सर्वोच्च प्राथमिकता दिनु र देशको बाह्य एवं आन्तरिक सुरक्षासँग सम्बन्धित मामिला, वैदेशिक सन्दर्भमा सहयोगी भूमिका निर्वाह गर्ने अपेक्षा विशेषरूपले विपक्षसँग गरिन्छ।

हालको समयमा जसरी विपक्षको भूमिकामा ह्रास आइरहेको छ त्यो चिन्ताको विषय हो र यसलाई रोक्नु अति आवश्यक छ। नेपाल लोकतान्त्रिक देश भए तापनि यहाँ प्रभावशाली र रचनात्मक विपक्षको अभाव छ । नेपालको संविधानमा विपक्ष र नेता प्रतिपक्षबारे कुनै प्रावधान छैन। बलियो विपक्ष नभएपछि सत्तारूढ दलमा तानाशाही, स्वेच्छाचारिता तथा निरङ्कुशताको लक्षण देखापर्छ। यसको उदाहरण भारतमा इन्दिरा गाँधीको शासनकालमा लगाइएको इमरजेन्सीलाई लिन सकिन्छ। यस कारण यदि विपक्ष बलियो हुँदैन भने सत्तापक्ष स्वयं आफूले घोषणा गरेको सामाजिक र आर्थिक नीतिविपरीत कार्य गर्न थाल्छ ।

प्रत्येक विपक्षको उद्देश्य सत्ता हासिल गर्नुहुन्छ। यस प्रकारको महत्त्वाकाङ्क्षाले राजनीतिक दलहरूलाई सक्रियता प्रदान गर्दछ । सत्तामा पुग्नका लागि उनीहरू जनमत आफ्नो पक्षमा परिवर्तित गर्ने प्रयास गर्छन् । जनमत आफ्नो पक्षमा ल्याउनका लागि जनताको इच्छा अनुसार काम गर्छन् । यसको लागि उनीहरू आफ्नो राजनीतिक विचारको प्रचार गर्छन्। जनतालाई आफ्नो पक्षमा गर्नका लागि जनसभा गरेर उनीहरूलाई सम्बोधित गर्छन् र अन्य दलका नीतिहरूको आलोचना गरेर जनतालाई विवेकी बन्ने अवसर दिन्छन्। जब–जब नेपालमा सत्तारूढ दलले बहुमतको बलमा राष्ट्रिय जीवनमा मान्य सिद्धान्त र नैतिक मूल्यको हत्या गर्ने प्रयास गरेको छ त्यस बेला विपक्षले प्रचार माध्यम र आन्दोलन मार्फत प्रबल जनमत उत्पन्न गर्ने गरेको छ । तर नेपाली राजनीतिमा देखा परेको कैयन घटनाले विपक्षको भूमिकालाई शङ्का–उपशङ्काको घेरामा राखेको अवश्य पाइने गरेको छ।

अर्कोतिर नेपालमा दुई दलीय पद्धति नभएको कारण विपक्ष कहिल्यैपनि बढी प्रभावी हुन सकेको छैन । राजनीतिक स्वार्थ, वैचारिक मतभेद र दलगत स्वार्थले गर्दा विपक्षमा कहिल्यै पनि ऐक्यबद्धता देखिएन । फलस्वरूप नेपालको हरेक दलमा जोड–घटाउ भइरहने हुँदा कहिल्यै पनि कुनै दलले पाँच वर्षसम्म शासन गर्न पाएको छैन । प्रायः विपक्षी दलहरूमा रचनात्मकताको अभाव नै देखिने गरेको छ । बितेका दिनमा संसद् सत्रमा प्रतिपक्षको वा सरकार बाहिर रहेका अन्य दलहरूको जुन प्रकारको हरकत देख्न पाइएको छ त्यसलाई कुनै पनि कोणबाट सही ठहर गर्न मिल्दैन। जब प्रतिपक्ष स्वयंमाथि नै नियन्त्रण राख्न सकिरहेको छैन भने उसले सत्तामा सन्तुलन कसरी कायम गर्न सक्छ ? यो अहम् प्रश्न हो। यस कारण नेपाली प्रतिपक्षले स्वयं आत्मनिरीक्षण गर्नुपर्छ।

नेपालमा प्रतिपक्षको वर्तमान भूमिका सन्तोषजनक छैन तर उसको भूमिकालाई खारेज गर्न पनि मिल्दैन। कैयन अवसरमा विपक्षले सराहनीय भूमिका निर्वाह गर्दै सत्तापक्षलाई बाटो देखाउने काम मात्र नगरी, राष्ट्रिय सरोकारका विषयमा रचनात्मकताको परिचय दिएर आफ्नो राष्ट्रभक्तिको परिचय पनि दिएको छ। यसबाट के निष्कर्ष निस्कन्छ भने लोकतान्त्रिक शासन व्यवस्थामा विपक्षको भूमिका अत्यन्त आवश्यक छ तर विरोधको लागि मात्र विरोध गर्ने प्रवृत्तिलाई नकारात्मक मानिएको छ । विरोधका लागि विरोधलाई रोकिएन भने हाम्रो लोकतन्त्र 'श्रीहीन' बन्न पुग्छ। यस कारण विरोधी दलहरूले स्वस्थ भूमिका निर्वाह गर्नुपर्छ । यस दृष्टिकोणलाई आत्मसात् गरेर नै लोकतन्त्रको भविष्य उज्ज्वल हुन सक्छ । तसर्थ राजनीतिज्ञहरूले स्वयंको मूल्याङ्कन गर्नुपर्छ र जनताले पनि उनीहरूमाथि सही र प्रभावकारी भूमिका निर्वाह गर्न निरन्तर दबाब बनाउनुपर्छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचन कार्यतालिका स्वीकृत

काठमाडौं, १२ मङ्सिर/रासस

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्यको आगामी निर्वाचनका लागि निर्वाचन कार्यतालिका स्वीकृत गरेको छ।

आयोगको यही मङ्सिर ७ गतेको बैठकले निर्वाचन तयारी गर्न आन्तरिक प्रयोजनका लागि कार्यतालिका स्वीकृत गरेको प्रवक्ता शालीग्राम शर्माले जानकारी दिए। सरकारले राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ १२ गतेका लागि घोषणा गरिसकेको छ । निर्वाचनलाई अघि बढाउने सन्दर्भमा आयोगले आवश्यक निर्देशिका र कार्यविधिको कामसमेत अघि बढाएको छ । केही समयपछि आयोगले निर्वाचन कार्यक्रमसमेत प्रकाशित गर्नेछ ।

उनान्साठी सदस्यीय राष्ट्रियसभाका एक तिहाइ सदस्यको कार्यकाल आगामी फागुन २० गते समाप्त हुँदैछ। कार्यकाल समाप्त हुनेमा अगमप्रसाद वान्तवा राई, उदया शर्मा पौडेल, कविता बोगटी, कोमल वली, खिमबहादुर विक, चक्रप्रसाद स्नेही, चन्द्रबहादुर खड्का, जीवन बूढा,

(बाँकी पाँचौं पातामा)

# नेपाल अफगानिस्तान बन्नेछैन

पाठक प्रतिक्रिया

१० गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'आन्तरिक पर्यटनद्वारा गरीबी कम गर्न सकिन्छ' पढें। चरम पूँजीवादी देश अमेरिकामा बसेर पनि समाजवादी विचार राख्ने लेखकका लेख मलाई धेरै मन पर्छ। त्यसैले त त्यसै विचारकी नेपाली सरहाना श्रेष्ठ अमेरिकामा राज्यसभाको चुनाव लड्दैछिन्।

समानता, लोकतन्त्र र स्वतन्त्रताका लागि समाजवाद आजको अपरिहार्य आवश्यकता बनेको छ । तर अपशोच अमेरिका समाजवादको मूल्यमा लोकतान्त्रिक छ र चीन लोकतन्त्रको मूल्यमा समाजवादी छ। दुवै मलाई ठीक लाग्दैन। अतः नेहरू भारतमा र विपी नेपालमा उदाए। तर आज भारत पनि अमेरिकाको बाटो लागेको छ भने विपीको घाँटी त राजा महेन्द्रले नै निमोठिदिए। समाजवादका दुश्मन यिनै धनाढ्य, तानाशाह र कर्पोरेटजगत् हुन्। त्यसैले अमेरिकामा पनि गरीब छन् । म लेखकको गरीबी निवारणको मतसँग शतप्रतिशत सहमत छु । तर नेपालको अवस्था पनि अफगानिस्तानजस्तो हुनेछ भन्ने उनको भनाइसँग सहमत छैन। यसका कारण छन् । जहाँ अफगानिस्तानका सीमा विभिन्न विचारका छ देशसँग मिल्छ, नेपालको केवल भारत र चीनसँग । भारतले कहिले पनि अन्य देशलाई नेपालमा पस्न दिंदैन । नेपालमा अमेरिकाले रजगज गर्‍यो, युरोपले रजगज गर्‍यो । अब चीन त्यस बाटोमा छ। तर चीनले रूसको हबिगत राम्ररी नियालेको छ। त्यही हबिगत भोग्न चीन अवश्य चाहँदैन। चीन अब विचार होइन, व्यापार र सामान निर्यात गर्ने बाटोमा छ। चीनको अर्को व्यवधान स्वयम् तिब्बत हो, जो नेपालको लागि बफरको काम गर्छ, त्यो सुविधा अफगानिस्तानमा नदारद छ। रह्यो कुरा भारतको, उसले नेपाललाई आफूभन्दा भिन्न मानेकै छैन। अतः भारतलाई नेपाल पस्न जरुरी छैन। चीन पस्दैन, भारत पस्दैन भने अरू पस्ने कुरै आउँदैन । यहाँ विश्व आतङ्कवादको पनि खतरा किन छैन भने नेपाल मूलतः हिन्दू राष्ट्र हो। जुन आन्तरिक आतङ्कवादको चर्चा लेखकले गरेका छन्, त्यो पनि यही कारणले सेलायो । म ग्यारेन्टीका साथ भन्न सक्छु कि नेपाल कहिले पनि अफगानिस्तानको हालतमा पुग्नेछैन । जुन दिन नेपाल स्वयम्को बलमा उफ्रिन थाल्नेछ, त्यो नेपालको लागि खतराको दिन हुनेछ। जबसम्म नेपाल भारत र चीनको सन्तुलनमा रहन्छ, तबसम्म नेपाल जीवित र सकुशल रहन्छ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पर्सा काङ्ग्रेसको प्रदेश क्षेत्रीय अधिवेशन आधामा सर्वसम्मति, आधामा निर्वाचन

प्रस, वीरगंज, १२ मङ्सिर/

नेपाली काङ्ग्रेस, पर्साको प्रदेश



सर्वसम्मतिको लागि आइतवार नेका, पर्सामा बसेको बैठक। तस्वीरः प्रतीक

सभापतिको छनोट आधा सर्वसम्मत र आधा निर्वाचनबाट हुने भएको छ।

निर्वाचन अधिकृत नरेन्द्र केसीले मङ्सिर ९ गते सूचना जारी गर्दै प्रदेश र क्षेत्रीय अधिवेशन मङ्सिर ११ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन मङ्सिर १३ गते निर्धारण गरेका थिए। मङ्सिर ११ गते शनिवार प्रदेश, क्षेत्रीय अधिवेशनका लागि चार स्थानमा सहमति भएपनि चार स्थानमा सहमति नहुँदा निर्वाचन गर्ने निर्णय भएको हो।

सर्वसम्मति नहुँदा मङ्सिर १२ गते प्रदेश २ र ३ को (ख)मा निर्वाचन प्रक्रियाबाट क्षेत्रीय सभापतिको चयन गरिंदैछ भने ३ (क)बाट प्रदेश कार्यसमितिको सभापतिमा प्रेमशङ्करप्रसाद मुखिया, उपसभापतिद्वयमा ब्रह्मनारायणप्रसाद थारू, विजयकुमार पडित, सचिवद्वय रामप्रसाद यादव, दीपककुमार रसाइली, सहसचिवद्वयमा धर्मदेवसाह तेली, बैधनाथप्रसाद थारू, प्रदेश प्रतिनिधिमा बासमती देवी, रम्भा देवी, सुनीता देवी, सोमबहादुर भुसाल, राजेश गिरी, महम्मद अनवर अन्सारी, आलम अन्सारी, सीताराम यादव, सदर मियाँ, मनमोहन मिश्र, सुशीला देवी, पारस साह कानू, नयनीदेवी थरुनी, हृदयनारायण महतो, जग हजरा, अब्दुल मियाँ सर्वसम्मतिबाट चयन भएको निर्वाचन अधिकृत अशोककुमार साहले जानकारी गराए।



तस्वीरः प्रतीक

नेका पर्सा क्षत्रे नं ४ (क)को प्रदेश क्षेत्रीय अधिवेशनमा सर्वसम्मत भएपछि क्षेत्रीय सभापति जीवन सापकोटालाई प्रमाणपत्र दिंदै प्रदेश संयोजक रमेश रिजाल।

हिजो भएको प्रदेश क्षेत्रीय अधिवेशनमा पर्सा जिल्ला क्षेत्र नं ४ को (क)बाट जीवन सापकोटा सर्वसम्मतिबाट क्षेत्रीय सभापति घोषित भएका छन्।

यसैगरी, उपाध्यक्षद्वय सुभाष यादव, जटाशङ्कर यादव, सचिवद्वय गोपीलाल श्रेष्ठ, सुरेश महतो थारू, सहसचिवद्वय रामबिहारी थारू र नरेश राउत अहिर सर्वसम्मत भएका थिए।

यसैबीच, आइतवार बसेको नेकाको बैठकमा पर्सा क्षेत्र नं १ को (क) र (ख) प्रदेशको क्षेत्रीय अधिवेशन पनि निर्वाचन प्रक्रियाबाट गर्ने निर्णय भएको छ। नेका पर्सा पार्टी कार्यालयमा बसेको बैठकमा सहमति हुन नसकेपछि मङ्सिर १३ गते निर्वाचन गर्ने निर्णय भएको हो।

उपाध्यक्ष राजु गुप्ताले प्रदेश क्षेत्रीय अधिवेशनमा पनि सर्वसम्मतिको नाममा समायोजन भएको गच्छदार समूहलाई बाइपास गरिएकोले निर्वाचनमा जानुपरेको बताए। उनले आफू र कन्हैया ठाकुरले सर्वसम्मतिको विरोध गरेपछि निर्वाचन हुने बताए। समायोजनबाट आएको समूहलाई बुथ सभापतिदेखि सबै तहमा बाइपास गरिएपछि सर्वसम्मतिको विरुद्धमा आफूहरू उत्रनुपरेको बताए।

# रसुवामा प्रसारण लाइन तथा सबस्टेशनको निर्माणमा ढिलाइ

काठमाडौं, १२ मङ्सिर/रासस

रसुवा तथा नुवाकोटका निर्माणाधीन जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा पुर्‍याउन महत्त्वपूर्ण मानिएको चिलिमे-त्रिशूली प्रसारण लाइन र सबस्टेशन निर्माणमा आशातीत प्रगति नभएपछि नेपाल विद्युत् प्राधिकरणले चासो राखेको छ।

निर्माण व्यवसायीको काम सन्तोषजनकरूपमा अगाडि बढ्न नसक्दा राष्ट्रिय लक्ष्यमा नै प्रभाव पर्ने देखिएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले स्थलगत निरीक्षण गरी पछिल्लो अवस्थाका बारेमा जानकारी लिएका हुन्।

निर्माणाधीन र निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाहका लागि निर्माणाधीन चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन र सबस्टेशनको समग्र निर्माण प्रगति ६० प्रतिशत मात्रै भएको छ। यद्यपि प्रसारण लाइनको निर्माण आगामी साउनभित्र सक्ने गरी भइरहेको सम्बद्ध आयोजनाले जनाएको छ।

आयोजना अन्तर्गत रसुवाको आमाछोदिङमो गाउँपालिकास्थित थम्बुचेत र नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेंसीमा २२० केभी क्षमताका दुईवटा सबस्टेशन निर्माण भइरहेको छ। चिलिमे हब र त्रिशूली थ्री बी हब नाम दिइएको सबस्टेशन निर्माणमा आशातीत प्रगति हुन सकेको छैन। यस्तै, चिलिमे-त्रिशूली थ्री बी हब २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माणाधीन रहे पनि प्रगति उल्लेख्य हुन सकेको छैन।

दुवै सबस्टेशनको सिभिल संरचनाको निर्माण अन्तिम चरणमा पुगेको दाबी गरिएको छ। सबस्टेशनमा रहने पावर ट्रान्सफर्मर, जिआइएसलगायतका महत्त्वपूर्ण उपकरणको आपूर्ति ६५ प्रतिशत भइसकेको छ। प्रसारण लाइनमा पर्ने ७९ वटा टावरमध्ये २७ वटाको मात्रै हालसम्म जग हालिएको छ। यस्तै, १७ वटाको आंशिक जग हाल्ने काम सकिएको छ भने छवटा टावर खडा गरिएको छ।

आयोजनाले चिलिमेबाट मैलुङसम्म १९ किलोमिटर डबल सर्किट र मैलुङबाट त्रिशूली थ्री बी हबसम्म आठ किलोमिटर चार सर्किट प्रसारण लाइन निर्माण गर्नुपर्नेछ। भौगोलिकरूपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भीरैभीर रहेको र सडक पनि नभएकाले ढुङ्गा, गिट्टी, बालुवा, टावरका सामान, खच्चडबाट बोकाएर लैजानुपर्ने अवस्था छ।

बाढीपहिरो, ठेकेदार तथा परामर्शदाताको कमजोर कार्यसम्पादन, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९ लगायतका कारण आयोजनाको निर्माण प्रभावित हुँदै आएको छ। आयोजनाको ठेकेदार चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनिज र परामर्शदाता पावर ग्रिड, भारत छन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठलगायतको टोलीले निर्माणाधीन सबस्टेशन र प्रसारण लाइनको स्थलगत अनुगमन गरी साउनभित्र काम सक्न निर्देशन दिएको छ।

टोलीले आयोजना व्यवस्थापन, परामर्शदाता र ठेकेदार कम्पनीबीच छलफल गरी कुनै पनि बहानामा निर्माण कार्यमा ढिलाइ नगर्न र कामदार थपेर कामलाई तीव्रता दिन आग्रह गरेको छ। कार्यकारी निर्देशक घिसिङले यो प्रसारण लाइन अत्यन्तै संवेदनशील र उच्च प्राथमिकतामा रहेकाले पटक-पटक जनाएको प्रतिबद्धता अनुसार निर्माण जतिसक्दो छिट्टो सम्पन्न गर्न आग्रह गरे। "यसै प्रसारण लाइनमा जोडिने तीनवटा जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन्, यो या त्यो बहाना बनाएर निर्माणमा ढिलाइ गर्ने छुट कसैलाई छैन, त्यसैले निर्माणलाई तीव्रता दिनुहोस् हैन भने हामी नसक्ने भयौं भन्दै हात उठाएर हिंड्नुहोस," उनले भने।

उनले नगद प्रवाहको समस्या समाधान गर्न, साइटमा हुने अवरोध हटाउन प्राधिकरणको तर्फबाट सक्दो सहयोग गर्ने उल्लेख गर्दै उनले निर्माणमा ढिलाइ भएर उत्पन्न हुने परिस्थितिको सम्पूर्ण जिम्मेवारी ठेकेदारले लिनुपर्ने बताए। जनताको जलविद्युत् कार्यक्रम अन्तर्गत चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा निर्माणाधीन १११ मेगावाटको रसुवागढी, ४२.५ मेगावाटको सान्जेन, १४.८ मेगावाटको माथिल्लो सान्जेन जलविद्युत् आयोजनाको विद्युत् चिलिमे हबमा जोडिनेछ।

प्रसारण लाइन अभावमा आयोजनाको विद्युत् खेर जाने अवस्था आउन लागेपछि कार्यकारी निर्देशक घिसिङसहितको टोली प्रसारण लाइन निर्माणको स्थलगत अनुगमनमा गएको थियो। टोलीले प्रसारण लाइन निर्माणमा आमाछोदिङमो गाउँपालिका-१ हाकुका बासिन्दाले बाहिरबाट कामदार ल्याएर काम लगाउन नहुने भन्दै गर्दै आएको अवरोधलाई हटाउन छलफल गरेको थियो।

गाउँपालिका अध्यक्ष बुचुङ तामाङ, वडाध्यक्ष नीमा दिण्डु तामाङ र स्थानीयवासीसँग हाकुमा छलफल गरिएको थियो। प्रसारण लाइनको अभावमा रसुवावासीको पनि लगानी रहेको आयोजनाको बिजुली खेर जाँदा यसबाट कसैले प्रतिफल नपाउने उल्लेख गर्दै कार्यकारी निर्देशक घिसिङले काममा अवरोध नगरी निर्माण कार्यमा सहभागी भई जतिसक्दो छिट्टो काम सक्न दिन आग्रह गरे। हाकु क्षेत्रमा १२ वटा टावर निर्माण गर्नुपर्नेछ। अहिले दुईवटा टावरको निर्माण शुरू भएको छ।

प्रसारण लाइन र सबस्टेशन निर्माणका लागि पिङ्गाओसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौता २०७४ को पुसमा कार्यान्वयनमा आएको थियो। आयोजनामा नेपाल सरकार तथा प्राधिकरणको लगानी एवं जर्मन विकास बैंक, युरोपेली लगानी बैंकको सहुलियतपूर्ण ऋण रहेको छ।

# मौद्रिक नीतिको समीक्षाको प्रभाव : नेप्सेमा उच्च अङ्कको गिरावट

काठमाडौं, १२ मङ्सिर/रासस

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिको त्रैमासिक समीक्षामा शेयर धितो कर्जाका बारेमा कुनै परिवर्तन नगरेपछि धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ।

साताको पहिलो दिन कारोबार शुरू हुने बित्तिकैदेखि नेप्सेमा गिरावट आएको थियो। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से ८०.२९ अङ्कले घटेर दुई हजार ६५१.४९ मा ओर्लेको छ। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १४.१९ अङ्कले घटेर ५०१.४५ मा ओर्लेको छ। नेप्सेमा उच्च अङ्कको गिरावट आए पनि कारोबार रकम भने औसतमा रहेको छ। कुल २३४ कम्पनीको एक करोड १९ लाख तीन हजार २०२ कित्ता शेयर रु पाँच अर्ब ८३ करोड ५१ लाख ३५ हजार ५५ बराबरको कारोबार भयो।

आइतवारको कारोबारपछि बजार पूँजीकरण रु ३७ खर्ब २२ अर्ब ८७ करोड २८ लाख ३० हजारको हाराहारीमा रहेको छ। नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहको शेयर नै ओरालो लागेको छ। बैंकिङ ३४.९७, व्यापार १५९.१७, होटल तथा पर्यटन १४७.०९, विकास बैंक २६७.२५, जलविद्युत् १३२.०२, वित्त ६८.०८, निर्जीवन बीमा ३८४.९४, उत्पादन १९२.४१, अन्य ६८.२, लघुवित्त १३९.४, जीवन बीमा ५३८.०३, सामूहिक लगानी कोष ०.२२ र लगानी २.९२ अङ्कले घटेको छ।

मौद्रिक नीतिको त्रैमासिक समीक्षामा शेयर धितो कर्जामा रहेको सीमामा परिवर्तनको अपेक्षा लगानीकर्ताले गरेका थिए। केन्द्रीय बैंकले तरलताको अभाव भइरहेको बेला उक्त सीमा परिवर्तन नगर्ने स्पष्ट पारेको छ। त्यसैको प्रभाव बजारमा परेको बताइन्छ।

(बाँकी पाँचौं पातामा)



**सिनेमा निर्माणको तालीमः** मङ्सिर १ देखि ७ गतेसम्म भएको आधारभूत सिनेमा निर्माण तालीममा प्रदेश २ भरिका ३२ जना सहभागीले सिनेमा निर्माण तालीम लिएका थिए। जसमा नेपालका निर्माता/निर्देशक युवराज लामा, दयाराम दाहाल, सिनेमट्रोग्राफर पुरुषोत्तम प्रधान, सम्पादन रक्षासिंह राणा, अभिनेता निखिल उप्रेती, एक्टिङ कोच अनुप बराललगायत थिए। ३२ जनामा पाँचवटा समूह बनाइ छोटो फिल्म पनि प्रदर्शन गरिएको थियो। तस्वीरः पङ्कज श्रेष्ठ

# चार वर्षमा पनि चयन भएन लेखा समिति सभापति

धनुषा, १२ मङ्सिर/रासस

प्रदेशसभा गठन भएको लामो समय बितिसक्दा पनि प्रदेश नं २ को प्रदेशसभा अन्तर्गत सार्वजनिक लेखा समितिले पूर्णता पाउन सकेको छैन। प्रदेशसभा गठन भएको झन्डै चार वर्षमा पनि पूर्णता नपाउँदा समिति निष्क्रिय भएको छ। प्रदेशसभा सचिवालयका वरिष्ठ सदस्य नेकपा (एमाले)का सांसद लगनलाल चौधरीको अध्यक्षतामा समितिको एक/दुई पटक बैठक बसे पनि समितिको क्रियाकलापलाई उनले पनि कुनै चासो लिएका छैनन्। समिति प्रायः निष्क्रिय रहे पनि एक/दुई पटक बैठकको अध्यक्षता गरेकै कारण चौधरीले समिति सभापतिको सेवासुविधा भने लिँदै आएको प्रदेश सचिवालयले जनाएको छ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद उपेन्द्र महतोले चार वर्ष बितिसक्दा पनि सार्वजनिक लेखा समितिले पूर्णता नपाउन नसक्नु दुःखद रहेको बताए। लेखा समितिका सदस्यसमेत रहेको सांसद महतोले भने, "सभापति नहुँदा समितिको बैठक नै बस्दैन, सरकारको आर्थिक कारोबारको विषयमा केही जानकारी हुँदैन र महालेखापरीक्षकको प्रतिवेदनमाथि पनि छलफल हुँदैन। यस्तोमा सरकारको मनोमानी गर्ने जस्तो भएको छ।" संसदीय समिति राजनीतिक भागबन्डाका बेला सार्वजनिक लेखा समिति तत्कालीन नेकपाको भागमा परेको थियो। नेकपामा आन्तरिक विवादका कारण उक्त समितिमा सभापति पठाउन सकेन र पछि पार्टी नै विभाजित भएपछि अहिले उक्त समिति कुन पार्टीलाई दिने विषयमा छलफल हुन सकेको छैन।

प्रदेशसभा सचिव रञ्जीत यादवले सभापति नहुँदा समितिको कामकाज प्रभावित हुने गरेको बताए। सचिव यादवले भने, "नियमानुसार कुनै पनि समितिको बैठक सभापतिले डाकेको खण्डमा हुन्छ अन्यथा हुँदैन, जब उक्त समितिको सभापति नै चयन भएको छैन भने बैठक कसले डाक्ने भन्ने अन्योल छ।" उनले ज्येष्ठताका आधारमा लगनलाल चौधरीले एक/दुई पटक अध्यक्षता गरे पनि समितिको नियमित बैठक हुन नसकेको बताउनुभयो। प्रदेश सरकारको आर्थिक कारोबारको निगरानी तथा विकास बजेट कार्यान्वयनमा खबरदारी, प्रदेश सरकारको बेरुजू तथा मन्त्रालयमा हुने अस्वाभाविक बजेट रकमान्तरदेखि महालेखापरीक्षकको प्रतिवेदनमा छलफलका लागि सार्वजनिक लेखा समिति गठन गर्ने व्यवस्था रहेको छ।

# वीरगंजमा पहिलोपटक वायु प्रदूषण मापन

वीरगंज, १२ मङ्सिर/रासस

वीरगंजमा वायु प्रदूषण मापन थालिएको छ। अमेरिकी सरकारले अनुदानमा दिएको 'ब्लुस्काइ डिभाइस'मार्फत पहिलोपटक प्रदूषण मापन शुरू भएको हो। वीरगंज महानगरपालिका वडा नं ३१ स्थित सोलखपुरमा जडान गरिएको ती डिभाइसमार्फत प्रदूषण मापन गर्न थालिएको जनाइएको छ। डिभाइसले यहाँको प्रदूषणको मात्रा यकीन गर्नेछ।

महानगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख इन्जिनीयर सुनीलकुमार कर्णका अनुसार त्रिभुवन विश्वविद्यालयको वातावरण विभागसँग समन्वय गरी ती उपकरण जडान गरिएको हो।

मुलुकको सबैभन्दा ठूलो पर्सा/बारा औद्योगिक करिडोरको ठूलो हिस्सा यही पर्छ। यहाँका धेरै उद्योगले औद्योगिक प्रदूषण नियन्त्रणका लागि कदम नचालेकाले प्रदूषण बढेको जनगुनासो लामो समयदेखि रहिआएको छ। महानगरमा जनघनत्व उच्च छ। सवारीसाधनको सङ्ख्या पनि बढ्दो छ।

करिडोर भएर बग्ने श्रीसिया खोलामा उद्योगबाट निस्कने प्रदूषित पानी, रासायनिक पदार्थ, खरानी आदि वस्तु प्रशोधन नगरी फाल्दै आइएको छ। यसबाट पछिल्लो समय श्रीसियासमेत अत्यधिक प्रदूषित बनेको छ।

शाखाले यसअघि नै महानगर क्षेत्रमा रहेका उद्योगले गर्ने प्रदूषणको मापन गर्ने गृहकार्य शुरू गरिसकेको जनाएको छ। यसका लागि महानगर क्षेत्रमा रहेका उद्योगको लगत सङ्कलन कार्य सम्पन्न भइसकेको इन्जिनीयर कर्णले जानकारी दिए।

"वीरगंज उद्योग वाणिज्य सङ्घसँगको समन्वयमा उद्योगले के कति परिमाणमा हावा, पानी, ध्वनि, धूवाँ, धूलो, ताप आदिको प्रदूषण गरिरहेका छन्, त्यसको मूल्याङ्कन भइरहेको छ," उनले भने। सम्बन्धित उद्योगहरूले प्रदूषण गरेको यकीन भए नियन्त्रणका लागि सुझाव र निर्देशन दिने र अटेर गरे कारबाई गरिनेछ।

उनका अनुसार यहाँ साना, मझौला र ठूला गरी करीब २०० उद्योग सञ्चालनमा छन्। महानगर र त्रिविको संयुक्त विशेषज्ञ टोली प्रत्येक उद्योगमा स्थलगतरूपमैं पुगेर त्यहाँबाट भइरहेको वातावरण प्रदूषणको मूल्याङ्कन गर्ने काम गरिरहेको छ।

# विवाह पञ्चमी नजीकिँदै गर्दा जनकपुरवासीमा बढ्दो फोहरको चिन्ता

जनकपुर, १२ मङ्सिर/रासस

धार्मिक आस्थासँग जोडिएको ऐतिहासिक सीताराम विवाह पञ्चमी महोत्सव भव्यपूर्वक मनाउन तयारीमा जुटेका जनकपुरवासी बढ्दो फोहरको डङ्गुरले चिन्तित बनेका छन् । जनकपुर उपमहानगरपालिकाका कर्मचारीको आन्दोलनका कारण विगत एक सातादेखि फोहर नउठ्दा नगर क्षेत्रका सडकमा फोहरको डङ्गुर बढेर दुर्गन्ध फैलिन थालेकाले जनकपुरवासी चिन्तित बनेका हुन् ।

यहाँका मुख्य सडक तथा गल्लीसँगै धार्मिकस्थलमा समेत फोहरको डङ्गुर लागेपछि महामारी फैलिने त्राससमेत बढेको स्थानीयवासीले बताए । फोहर थुपिँदै गएपछि यहाँका सडक सुङ्गुर खेल्ने र रमाउने स्थलका रूपमा परिणत हुन थालेको जनकपुर उपमहानगरपालिका–२ कदम चोकका श्याम साहले चिन्ता व्यक्त गरे ।

"उपमहानगरपालिकाका जनप्रतिनिधि र कर्मचारीबीचको विवादले विगत एक सातादेखि नगर क्षेत्रको फोहर उठ्न सकेको छैन," उनले भने, "जनकपुरका सबै सडक र गल्लीमा फोहर थुप्रिएर दुर्गन्ध फैलिन थालेको छ भने लामखुट्टेको प्रकोप पनि बढ्दै गएको छ। यस्तै रहे जनकपुरमा हैजा नफैलिएला भन्न सकिन्न ।"

भगवान् रामसीताको विवाहसँग जोडिएको विवाह पञ्चमी महोत्सव यस वर्ष पनि जनकपुरमा साताव्यापीरूपमा मनाउने तयारी गरिएको छ । मङ्सिर १७ देखि २३ गतेसम्म विविध कार्यक्रम गरी धूमधामका साथ मनाउने तयारी भइरहेका बेला जनकपुरका सडकमा थुप्रिएको फोहरले सबैलाई निराश बनाएको प्रदेशसभा सदस्य रामअशिष यादवले बताए ।

सिङ्गो हिन्दू समुदायको धार्मिक आस्थासँग जोडिएको विवाह पञ्चमी महोत्सव शुरू हुन एक साताभन्दा पनि कम समय बाँकी रहँदासमेत उपमहानगरपालिकाले फोहर उठाउन चासो नदिंदा जनकपुरवासीमा चिन्ता बढेको उनको भनाइ थियो ।

"जनकपुर उपमहानगरपालिकाले फोहर सङ्कलनमा गम्भीर नभएकाले नगर क्षेत्र दुर्गन्धित भएको हो," प्रदेशसभा सदस्य यादवले भने, "जनप्रतिनिधि र कर्मचारीको विवादका कारण सिङ्गो जनकपुर नै फोहर थुप्रेर कुरूप बन्न पुगेको छ । यो कदापि उचित होइन, तसर्थ छिटोभन्दा छिटो फोहर उठाएर नगर क्षेत्रलाई सफा बनाउनुपर्छ ।"

"विवाह पञ्चमीका समयमा नेपाल तथा छिमेकी मुलुक भारतबाट लाखौंको सङ्ख्यामा श्रद्धालु भक्तजन जनकपुर आउने गर्छन्," उनले बताए, "यस्तै अवस्था रहे जनकपुर महामारीको चपेटामा पर्ने र यहाँको पहिचान नै सङ्कटमा पर्न सक्ने खतरा छ ।"

त्यसैले आन्तरिक घरझगडाका कारण सिङ्गो जनकपुरवासीलाई फोहरको चपेटामा पार्न नहुने प्रदेशसभा सदस्य यादवको भनाइ थियो । नगर क्षेत्रको चारैतिरका सडक, गल्ली र धार्मिकस्थलमा फोहरको डङ्गुर बढ्दै गएकाले नजीकिँदै गरेको विवाह पञ्चमी महोत्सवमैं असर पार्ने चिन्ता बढेको जानकी मन्दिरका महन्त रामरोशन दास श्रीवैष्णवले बताए ।

"हामीले विवाह पञ्चमीका दिन भारतको अयोध्याबाट आउने जन्तीको स्वागत गर्नेदेखि श्रद्धालुको सुविधाका लागि पण्डाल तथा स्वागतद्वार निर्माणलगायत तयारीमा जुटेका छौं," उनले भने, "तर नगर क्षेत्रमा बढ्दो फोहरले गर्दा समस्यामा परेका छौं ।" नगर क्षेत्रको फोहर उठाएर विवाह पञ्चमीमा आउने श्रद्धालुका लागि सरसफाइ र खानेपानीको व्यवस्था मिलाइदिन उपनगरप्रमुखसँग आग्रह गरे पनि कुनै प्रगति नभएको उनको गुनासो थियो ।

वडा नं ४ का अध्यक्ष सुदर्शन सिंह र वडा सदस्य पङ्कज मण्डलले कुटपिट गरेको भन्दै कर्मचारी विगत एक सातादेखि सरसफाइलगायत सम्पूर्ण कामकाज ठप्प पारेर आन्दोलनमा उत्रेका छन् । गत मङ्गलवार वडा ३, ४ र ७ का वडाध्यक्ष तथा वडा सदस्यले नगरको सरसफाइका विषयलाई लिएर उपमहानगरपालिका कार्यालयमा नाराबाजी गर्नाका साथै उपमहानगरप्रमुख लालकिशोर साहको कार्यकक्षमा तालाबन्दीसमेत गरेका थिए । जनप्रतिनिधि र कर्मचारीबीचको विवाद साता बित्न लाग्दासमेत समाधान गर्नेतर्फ कुनै पहल नभएको स्थानीयवासीको गुनासो थियो ।

एकातिर विवादकै कारण लामो समयदेखि फोहर उठ्न नसक्दा जनकपुर दुर्गन्धित बनेको छ भने अर्कोतिर दैनिकरूपमा उत्पादन हुने फोहरको व्यवस्थापन कहाँ गर्ने भन्ने चुनौती थपिएको छ । बढ्दो शहरीकरण र जनसङ्ख्याका कारण नगर क्षेत्रमा दैनिक फोहर बढ्दै गएको छ । "प्रदेश २ को अस्थायी राजधानी हुनुपूर्व अर्थात् केही वर्षअघिसम्म उपमहानगरपालिका क्षेत्रमा दैनिक छ/सात मेट्रिक मात्र फोहर उत्पादन हुन्थ्यो," उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मेघीलाल यादवले भने, "अहिले जनकपुरमा दैनिक १० मेट्रिक टन फोहर उत्पादन भइरहेको छ तर फोहर फाल्ने डम्पिङ साइट बनाउन सकिएको छैन । जसका कारण फोहर फ्याल्नै गाऱ्हो भइरहेको छ ।" नगर क्षेत्रमा फोहर उठ्न नसकेको भन्दै चौतर्फी गुनासो उठ्न थालेपछि आफूले फोहर व्यवस्था गर्न पहल गरे पनि उपमहानगरपालिकाबाट सहयोग नपाएकाले सफल नभएको धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले बताए ।

"फोहरले नगर नै दुर्गन्धित भयो भनेर धेरैतिरबाट गुनासो आएपछि मैले आफैं नगरप्रमुखलाई फोन गरेर विवाद समाधान गरी फोहर व्यवस्थापन गर्न आग्रह गरें तर नगरप्रमुखज्यूले म किन वडाध्यक्षसँग कुरा गर्नु भन्दै पन्छिनुभयो," प्रजिअ बाँस्तोलाले भने, "त्यसपछि सुरक्षाकर्मी र अन्य सरोकारवाला निकायको सहयोगमा फोहर उठाउने प्रयास गरें तर नगर क्षेत्रमा फोहोर फ्याँक्ने डम्पिङ साइट नभएकाले समस्या भएको छ ।" फोहरले ठूलो समस्या निम्त्याउन सक्ने भएकाले समयमैं यसको व्यवस्थापन गर्नेतर्फ उपमहानगरपालिका चनाखो हुनुपर्ने र त्यसका लागि सरोकारवालाले पनि पहल गर्नुपर्ने उनको भनाइ थियो ।

# एमाले महाधिवेशनः दबाब र आशाको केन्द्रमा अध्यक्ष ओली

सौराहा, १२ मङ्सिर/रासस

नेकपा (एमाले)को महाधिवेशनमा नयाँ सहमतिमा नेतृत्व चयनका लागि निर्णायक पहल भइरहेको छ ।

चितवनको सौराहामा आइतवार बिहान १० बजे शुरू हुने भनिएको बन्दसत्रको दोस्रो दिन दिउँसो २ः३० बजेसम्ममा समेत शुरू हुन सकेको थिएन । प्रतिनिधि बिहानको खानापछि बन्दसत्र हलमा प्रवेश गरिसकेका थिए भने पार्टीका अध्यक्ष केपी शर्मा ओलीलगायतका नेता आवासका लागि प्रबन्ध गरिएको होटेलमा अनौपचारिक छलफलमा जुटेका थिए ।

केन्द्रीय कमिटीको पदाधिकारी र सदस्यका आकाङ्क्षी प्रतिनिधिकाबीच मत माग्नतिर भन्दा अध्यक्ष ओली र उनी निकटका शीर्ष नेतालाई आफ्नो नाम नछुटाउन लबिङ गरिरहेका छन् । त्यसरी जाने नेता र प्रतिनिधिलाई अध्यक्ष ओलीले ठोस जवाफ नदिई फर्काउने गरेको बुझिएको छ । सहमतिको नाम प्रस्ताव गर्ने अधिकार बन्दसत्रले अध्यक्ष ओलीलाई दिएकोले सबैको दबाब र आशाको केन्द्रमा अध्यक्ष ओली परेका छन् ।

अध्यक्ष ओली बसेको होटेल पार्क सफारीमा नेता कार्यकर्ताको आउने जानेक्रम चलिरहेको छ । अध्यक्ष ओलीले विभिन्न नेतासँग सामूहिक र अलग–अलग छलफल गरिरहेका छन् । आज बिहान विदेशी पार्टीका प्रतिनिधिसँग आपसी भेटघाटपछि अध्यक्ष ओलीले पार्टीका नेतालाई परामर्शमा बोलाएको जनाइएको छ ।

अध्यक्ष ओलीसँग उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, महासचिव ईश्वर पोखरेल, उपमहासचिव विष्णुप्रसाद पौडेल, स्थायी कमिटीका सदस्य सुरेन्द्र पाण्डे, शङ्कर पोखरेललगायत नेताले छलफल गरेका थिए । महासचिव पोखरेल र उपमहासचिव पौडलले सोही होटेलमा बेग्लै छलफल पनि गरेका जनाइएको छ । अन्य नेताहरू रहेका होटेलमा पनि विभिन्न नेताबीच छलफल भइरहेका छन् ।

महाधिवेशनमा अधिकांश नेता र प्रतिधिनिले सर्वसम्मतिमा अध्यक्ष ओलीको नेतृत्वमा नयाँ केन्द्रीय समिति चयन गर्न दबाब दिएपछि शनिवारको बन्दसत्रले ३०१ सदस्यीय केन्द्रीय कमिटीको उम्मेदवारको नामावली प्रस्तुत गर्ने जिम्मेवारी अध्यक्ष ओलीलाई दिएको थियो । उपाध्यक्ष भीम रावलले सहमतिमा नभई निर्वाचनबाट नेतृत्व चयन हुनुपर्ने र आफूले अध्यक्षमा उम्मेदवारी दिने अडान लिएपछि सर्वसम्मतिको प्रयासमा कठिनाइ उत्पन्न भएको छ ।

एमालेका सचिव योगेश भट्टराईले दशौं महाधिवेशन एक विशिष्टरूपमा सञ्चालन भइरहेको र महाधिवेशनको हलले सहमतिमा नेतृत्व ल्याउने भनिसकेपछि आकाङ्क्षीको व्यवस्थापन र मूल्याङ्कन गर्ने काम नेतृत्वको भएको बताए । उनले प्रतिनिधिले मत दिएर नचुनेमा प्रतिनिधिको विवेकको मूल्याङ्कन ठानिने तर निर्वाचन नहुने भएकाले अब सही मूल्याङ्कन नहुने भन्ने नेतृत्वमा भर पर्ने प्रतिक्रिया दिए । "नेतृत्वले कार्यकर्ताको मनोभावना बुझेर नेतृत्वले विवेकसम्मतरूपमा प्रस्ताव ल्याउने र अध्यक्ष ओलीले उपाध्यक्ष रावललगायत सबैसँग संवाद गरेर समेट्न र अन्य नेताले अध्यक्ष ओलीलाई साथ दिन सक्नुपर्छ," नेता भट्टराईले भने ।

उनले आफूहरूले सोही अनुसारको सुझाव अध्यक्ष ओलीलाई दिएको जनाउँदै जनताको बहुदलीय जनवादको सिद्धान्तबमोजिम संवाद, परामर्श र छलफल गरेर निष्कर्ष निकाल्न सकिने र आम प्रतिनिधिको चाहनाबमोजिम सहमति हुने र अन्तिममा मिल्नै नसकिने भएमा निर्वाचनको विधिलाई पनि कायमै राखिने बताए । बन्दसत्र स्थल बाहिर प्रतिनिधि र कार्यकर्ता व्यग्रतापूर्वक नयाँ नेतृत्वको प्रतीक्षा गरिरहेका छन् । निर्वाचन लड्ने आकाङ्क्षा राखेका प्रतिनिधि पनि सहमतिमा नेतृत्व भएमा आफू नपरे पनि सन्तुष्ट हुने बताउँछन् ।

पार्टीका केन्द्रीय सदस्य देवी ज्ञवाली अध्यक्षमा केपी ओली सर्वसम्मत भएमा आफूहरू सूचीमा नपरे पनि फरक नपर्ने बताए । अखिल नेपाल महिला सङ्घकी नेत्री शर्मिला कार्कीले हलमा आम प्रतिनिधिले सहमतिका म्यान्डेट दिइसकेकाले उपाध्यक्ष रावल वा अरूले अर्गेलो गर्न नहुने बताइन् ।

संविधानसभाका सदस्य एवं एमाले नेत्री रञ्जु झाले आम प्रतिनिधिको भावनालाई मान्नुपर्ने र त्यसमा नेतृत्वले विवेकसम्मतरूपमा प्रस्ताव ल्याउने अपेक्षा व्यक्त गरिन् । युवा नेत्री रचना खड्काले हलले दिएको कार्यादेश बमोजिम नेतृत्वले विवेकसम्मतरूपमा प्रस्ताव ल्याउने विश्वास व्यक्त गर्दै प्रतिनिधि त्यस्तो प्रस्तावको प्रतीक्षा गरिरहेको जनाइन् ।



नारायणी अस्पतालको पुरानो भवन महेन्द्र आरोग्य भवनको बगैंचाको यो दृश्य हो । अस्पतालका पुराना फलामे शय्या र मरम्मत सम्भारको लागि आवश्यक फलामे फर्निचरहरू महीनौंदेखि यसैगरी खुला चौरमा राखिएका छन् । मरम्मत सम्भार गर्नुपर्ने यी सामान महीनौंदेखि यसरी घामपानीमा रहँदा बिग्रिने सम्भावना बढी छ । अस्पतालले न यसको मरम्मत गरेको छ, न लीलाम नै गरेको छ । तस्वीरः नितेश कर्ण

## फरक समाचार

# एसिड रिफ्क्स गम्भीर रोग हो

खाना खाने बेलामा एउटा नलीद्वारा खाना मुखको बाटो हुँदै पेटसम्म पुग्छ । त्यस नलीलाई इसोफेगस भनिन्छ । इसोफेगसको अर्को नाम फूड पाइप पनि हो । यो नली घाँटी र पेटको बीचमा एक प्रकारको पुलसरह काम गर्छ । जसबाट खाना पहिले सानो आन्द्रा र त्यसपछि ठूलो आन्द्रा हुँदै मिर्गौलासम्म पुग्छ । यो



निकै जटिल प्रक्रिया हो । खाएको खाना पचेर शरीरलाई आवश्यक पोषक तत्त्व दिने र काम नलाग्ने वस्तुलाई शरीरबाट बाहिर निकाल्ने एउटा लामो प्रक्रिया हुन्छ । त्यस्तै, एसिड रिफ्लक्स त्यस अवस्थालाई भनिन्छ, जब खानाबाट बन्ने एसिड आन्द्राको तल्लो भागमा जानुको सट्टा उल्टै इसोफेगसतर्फ फर्किन्छ । जब खाना सही ढङ्गले पच्दैन र शरीरमा एसिड बनाउँछ, यो एसिड पुनः इसोफेगसतर्फ जान थाल्छ ।

यद्यपि ग्याँस, अपच, एसिडिटी, एसिड रिफ्लक्सको समस्या पाचनतन्त्रमा हुने कुनै पनि गडबडीका कारण हुन सक्छ । बढी तेल–मसला भएको खाना, गरिष्ठ खाना र भोकभन्दा बढी खाना खाएपछि एसिडिटी वा अपच हुन्छ तर केही लक्षणहरू यस्ता हुन्छन्, जुन प्रोलोग एसिड रिफ्लक्सतर्फ इशारा गर्छ ।

**पेटमा जलनः** खाना खाएपछि पेटमा जलन महसूस हुन्छ भने यसले खाना नपचेको र यसको कारण एसिड रिफ्लक्स हुन सक्छ ।

**छातीमा जलनः** यदि खाना खाएपछि छातीमा जलन महसूस हुन्छ भने यसलाई बेवास्ता गर्नुहुँदैन । तुरुन्तै चिकित्सकको सल्लाह लिनुपर्छ ।

**अमिलो डकारः** खाना खाएपछि अथवा केही घण्टापछि मुखबाट अमिलो डकार आइरहेको छ भने वा सासमा एसिडिक महसूस हुन्छ तथा यो लामो समयसम्म भइरहेको छ भने यो एसिड रिफ्लक्सको सङ्केत हुन सक्छ ।

**मुखबाट दुर्गन्धः** लामो समयसम्म एसिड रिफ्लक्सको स्थिति बनिरहन्छ भने त्यसको असर सासमा देखिन्छ । मुखमा सधैं एक प्रकारको एसिडिक किसिमको गन्ध आइरहन्छ । दिनमा दुईपटक ब्रश गर्दा पनि मुखबाट दुर्गन्ध आइरहन्छ भने यसको कारण पाचन प्रक्रिया गडबडी नै हो ।

**खाना निल्न कठिनाइः** यदि खाना निल्न कठिनाइ भइरहेको छ भने यो एसिड रिफ्लक्सको प्रारम्भिक लक्षण हुन सक्छ ।

**घाँटीमा गाँठो बन्नुः** लामो समयसम्म एसिड रिफ्लक्सको स्थिति बनिरह्यो भने घाँटीमा गाँठो हुन सक्छ ।

**छाती सङ्क्रमितः** एसिड इसोफेगसतर्फ फर्किंदा पटक–पटक छाती सङ्क्रमित हुन सक्छ । यसैले यस सङ्केतप्रति लापरवाही गर्नुहुँदैन ।

# अदुवाको चियाबाट हुने बेफाइदा

जाडोमा अदुवा भएको चिया पिउन धेरैले रुचाउँछन् । तर बढी अदुवा भएको चिया पिउँदा शरीरको लागि हानिकारक हुन सक्छ । अदुवा मात्र होइन,





सुकुमेल भएको चिया पनि बढी सेवन गर्नुहुँदैन ।

एक दिनमा ५ ग्रामभन्दा बढी अदुवाको सेवन गर्नुहुँदैन । यसले स्वास्थ्यमा नकारात्मक असर गर्छ । एक कप चियामा अदुवा एक चौथाइ चम्चा राख्नुपर्छ ।

अदुवा भएको चिया बढी पिउँदा ब्लड सुगरको स्तर कम हुन सक्छ । यसको अलावा पेटमा जलनजस्तो समस्या पनि हुन्छ । चिकित्सकका अनुसार बढी अदुवा सेवन गर्दा निद्रामा समस्या उत्पन्न हुन्छ । साथै एसिडिटीको समस्या पनि हुन सक्छ । बढी अदुवाको चिया सेवन गर्दा ग्याँसको समस्या हुन्छ । उच्च रक्तचाप वा रक्तचापको समस्या भएका व्यक्तिले उचित मात्रामा अदुवा सेवन गर्दा फाइदा हुन्छ । जसको रक्तचाप कम रहन्छ, उसले थोरै पनि अदुवा चिया सेवन गर्दा स्वास्थ्यमा निकै हानिकारक हुन्छ ।

अदुवामा रगत पातलो गर्ने गुण हुन्छ, तसर्थ कम रक्तचाप भएकाको रक्तचाप झनै कम हुन्छ । उच्च मधुमेह भएका रोगीले पनि अदुवा सेवन गर्नुहुँदैन । किनभने ब्लग सुगरको स्तर अचानक कम हुन्छ, जसबाट हाइपो ग्लाइसिमियाको स्थिति उत्पन्न गर्न सक्छ ।

## रुघाखोकीको घरेलु उपचार

- जायफल पिसेको एक चिम्टी मात्रा लिएर दूधमा मिसाएर खाएपछि जाडोको असर ठीक हुन्छ ।
- कपूरको एउटा टुक्रा रुमालमा बेरेर पटक–पटक सुघ्दा आराम हुन्छ र बन्द नाक खुल्छ ।
- केसरलाई दूधमा घोटेर नियमितरूपले केही दिन पिउँदा रुघाखोकीमा निकै लाभ हुन्छ ।
- सुकुमेललाई पिसेर रुमालमा बेरेर सुघ्दा रुघाखोकी निको हुन्छ ।
- राति तीन/चार वटा मरिच चपाएर तातो दूध पिउँदा रुघामा लाभ पुग्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलद्वारा अफ्रिकी देशको भ्रमणमा प्रतिबन्ध

जेरुसेलम, १२ मङ्सिर/सिन्ह्वा

हालै अफ्रिकामा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन भेटिएपछि इजरायलले आफ्ना नागरिकलाई अफ्रिकी देशहरूको भ्रमणमा प्रतिबन्ध लगाएको छ । प्राप्त समाचारहरूमा इजरायलले हाल कुनै थप प्रतिबन्धहरूको घोषणा गरेको त छैन तर हालका लागि अफ्रिकी देशहरूको भ्रमणमा आफ्ना नागरिकहरूलाई रोक लगाएको जनाएको छ ।



इजरायलले विदेशलाई प्रवेश छुट दिएपछि विमानस्थलमा विदेशीहरू । तस्वीरः एएफपी

बिहीवार इजरायलले सातवटा अफ्रिकी देशलाई रातो सूचीमा राखेर ती देशको यात्रामा प्रतिबन्ध गरेकामा शनिवार सबै अफ्रिकी देशमा नजान आफ्ना नागरिकमाथि प्रतिबन्ध लगाएको हो । त्यस्तै, इजरायलले हाल करीब ५० वटा अफ्रिकी देशहरूमा रहेका आफ्ना नागरिकहरूलाई पनि स्वदेश फर्किन भनेको छ । इजरायलले भनेको छ कि आफ्ना नागरिकहरू ती अफ्रिकी देशमा रहेका भए कम्तीमा सात दिनभित्रमा स्वदेश फर्किन पनि भनेको छ ।

यो नयाँ भेरियन्ट विश्वका विभिन्न देशहरूमा देखिन थालिसकेको समाचारहरू आएका छन् । उता यो भेरियन्ट भेटिएपछि बेलायतले अहिलेको भन्दा थप कडा प्रतिबन्धहरूको घोषणा गरेको छ। त्यस्तै, अस्ट्रेलियामा पनि अफ्रिकी देशहरूबाट हुने यात्रामा कडाइ गरिएको छ । अस्ट्रेलियाले अरू देशबाट आउने उडानहरूका साथै विशेषगरी अफ्रिकी देशको यात्रामा थप निगरानी बढाइएको जनाएको छ ।

हालै अफ्रिकामा देखिएको यो भेरियन्ट अहिलसम्मकै सबैभन्दा बढी खतरनाक पाइएको अनुसन्धानबाट देखिएको छ । यो भेरियन्ट देखिएपछि यसको अनुसन्धान शुरू भएको बताइएको छ ।

**बेलायतमा थप प्रतिबन्धको घोषणा**

लन्डन/सिन्ह्वा

हालै अफ्रिकामा भेटिएको भनिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन भेटिएपछि बेलायतले थप प्रतिबन्धहरूको घोषणा गरेको छ। प्राप्त समाचारहरूमा बेलायतले अहिलेको भन्दा थप कडा प्रतिबन्धहरूको घोषणा गरेको हो । त्यस्तै, बेलायत आउने अरू देशका उडानहरूमा पनि निगरानी बढाइएको छ ।

बेलायत आउने हरेक यात्रीले दुई दिन मात्र यताको स्वास्थ्य रिपोर्ट अनिवार्यरूपमा देखाउनुपर्ने र बेलायत पुगेपछि पनि पिसिआर परीक्षण गरिनेछ। यसरी गरिएको परीक्षणमा यदि कोरोना भाइरस पोजेटिभ देखिएमा आफैं आइसोलेशनमा बस्नुपर्ने र नेगेटिभ रिपोर्ट आएपछि मात्र बाहिर निस्किन पाउने बताइएको छ ।

हालै अफ्रिकामा देखिएको भनिएको नयाँ भाइरस बेलायतमा देखिएको कुरा यहाँका स्वास्थ्यमन्त्री साजिद जाभिदले शनिवार जानकारी दिएका छन् ।

यो भाइरसको सङ्क्रमण देखिएका दुईजनालाई आइसोलेशनमा राखिएको र उनीहरूको थप स्वास्थ्य अनुसन्धान जारी रहेको पनि उनले बताए । बेलायतका प्रधानमन्त्रीले यो भाइरसको प्रभाव अहिलेको भन्दा निकै खतरनाक रहेको भन्दै थप प्रतिबन्धहरूका बारेमा जानकारी दिएका हुन् ।

उनले हाललाई विदेशबाट आउने उडानहरूमा सतर्कता अपनाइने र यात्रीहरूको पिसिआर परीक्षणलाई अनिवार्य गरिने जानकारी दिएका हुन् ।

साथै बेलायतमा यात्राका क्रममा तथा सार्वजनिक यातायातमा अनिवार्यरूपमा मास्कको प्रयोग गर्नुपर्ने नियम पनि सार्वजनिक गरिएको बताइएको छ ।

**अस्ट्रेलियामा ओमिक्रोन भेरियन्ट भेटियो**

सिड्नी/एएफपी

अस्ट्रेलियाका स्वास्थ्य अधिकारीहरूले आइतवार सिड्नीमा उडेका दक्षिणी अफ्रिकाका दुई यात्रीहरूको स्वास्थ्य परीक्षण गर्दा पहिलोपटक कोभिड ओमिक्रोन स्ट्रेन पत्ता लागेको जनाएका छन् ।

पूर्वी राज्य न्यू साउथ वेल्सको स्वास्थ्य प्राधिकरणले शीघ्र जिनोमिक परीक्षणमा उक्त सङ्क्रमण भेटिएको जनाएको छ ।

**भारतमा एकै दिन आठ हजार ७७४ नयाँ कोरोना सङ्क्रमित**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप आठ हजार ७७४ जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतवार जानकारी दिएको छ । यसै अवधिमा कोरोना सङ्क्रमणबाट ६२१ जनाको मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ । यसैसँगै भारतमा कोरोना शुरू भएबाट हालसम्म कोरोनाबाट चार लाख ८ हजार ५५४ जनाको मृत्यु भएको छ ।

भारतमा हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख ५ हजार ६९१ रहेको जनाइएको छ। सक्रिय सङ्क्रमितको यो सङ्ख्या ५४३ पछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन् ।

पछिल्लो २४ घण्टामा भारतमा नौ हजार ८६८ जना कोरोना भाइरसको सङ्क्रमणबाट मुक्त भएका छन् । भारतमा अहिलेसम्म सङ्क्रमण मुक्ति भएकाको सङ्ख्या तीन करोड ३९ लाख ७७ हजार ८३० रहेको मन्त्रालयले जनाएको छ। हिजो शनिवार ९ हजार ४८१ व्यक्ति कोरोनाबाट मुक्त भएका थिए। भारतमा कोरोना मुक्ति दर कुल सङ्क्रमितको ९८.३३ प्रतिशत पुगेको छ। कोरोना सङ्क्रमण निको भएकाको यो दर २०२० को मार्चपछिकै सबैभन्दा धेरै भएको मन्त्रालयका अधिकारीको भनाइ रहेको छ । यसैसँगै भारतमा कोरोना शुरू भएयता हालसम्म तीन करोड ३९ लाख ९८ हजार २७ व्यक्ति कोरोना भाइरस सङ्क्रमणबाट निको भएको जनाइएको छ ।

यहाँ हालसम्म ६४ करोडभन्दा बढी व्यक्तिको कोरोना भाइरसको परीक्षण भएको जनाइएको छ । भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब २१ करोड ९४ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ । रासस

## अफ्रिकालाई धन्यवाद व्यक्त

वाशिङ्टन, मङ्सिर/एएनआई/स्पुतनिक

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले ओमिक्रोन कोरोना भाइरसको नयाँ संस्करण देखिएको विषयमा द्रुत र पारदर्शी दृष्टिकोण बनाएकोमा दक्षिण अफ्रिकालाई धन्यवाद दिएको अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले जानकारी दिएका छन् ।

मन्त्री ब्लिन्केनले आइतवार दक्षिण अफ्रिकाको अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग मन्त्री नालेदी पान्डरसँग कुरा गर्दै विशेषगरी दक्षिण अफ्रिकाका वैज्ञानिकहरूलाई ओमिक्रोन भेरियन्टको द्रुत पहिचानको लागि र दक्षिण अफ्रिकाको सरकारलाई यस विषयलाई पारदर्शीरूपमा सार्वजनिक गरेकामा प्रशंसा गरेका हुन् । सो अवसरमा जारी विज्ञप्ति अनुसार ब्लिन्केन र पान्डरले निरन्तर साझेदारीको महत्त्वलाई विशेष जोड दिएका थिए । रासस

## लोसपाको महिला वडा कमिटी गठन

प्रस, वीरगंज, १२ मङ्सिर/

विन्ध्यवासिनी गाउँपालिका–३ मा लोकतान्त्रिक समाजवादी पार्टीको वडास्तरीय महिला कमिटी गठन भएको छ। विन्ध्यवासिनी गापा–३ सानो झौवामा भएको भेलाले अनीता रामको अध्यक्षतामा ५१ सदस्यीय वडा महिला कमिटी गठन गरेको हो ।

कमिटीको उपाध्यक्ष आशादेवी ठाकुर, सचिव सन्ध्या पटवा, कोषाध्यक्ष रम्भा देवी, सहसचिव रामकली देवीलगायत सदस्यहरू छन् ।

लोसपाकी महिला नेत्री मञ्जु सर्राफको अध्यक्षता तथा गाउँ कमिटी अध्यक्ष प्रमोद तिवारीको प्रमुख आतिथ्यमा भएको भेलाले सो कमिटी गठन गरेको हो। भेलामा लोसपा पर्साकी महिला नेत्री मालती कुशवाहा, मुन्नी श्रीवास्तव, मञ्जु देवी, श्याम देवीलगायतको सहभागिता थियो ।



तस्वीरः सौजन्य

## दुईजना चोर पक्राउ

प्रस, पंचगावाँ, १२ मङ्सिर/

प्रहरी चौकी रङ्गपुरले चोरीको आरोपमा दुईजनालाई पक्राउ गरेको छ। पटेर्वासुगौली गाउँपालिका–३ सोनवर्षाका अरुण चौधरी र अर्जुन चौधरीलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

मङ्सिर १० गते राति ११:३० बजे पटेर्वासुगौली–२ रङ्गपुरमा एकजना व्यक्तिको घरमा चोरी गरेको आरोपमा दुईजनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका दुईजनाबाट नाइट्रोभ्याट टयाबलेट १२ थान बरामद भएको र उनीहरूलाई आवश्यक कारबाईको लागि जिप्रका, पर्सामा पठाएको प्रहरी चौकी रङ्गपुरले जनाएको छ ।

पक्राउ परेका चौधरीद्वयले जानकीटोला भएर भारतको इनर्वाबाट लागूऔषध ल्याएर बिक्री गर्ने गरेको कसूर स्वीकारेको प्रहरीले जनाएको छ ।

**राष्ट्रियसभा............**

ठगेन्द्रप्रकाश पुरी, तारादेवी भट्ट, दीनानाथ शर्मा, नैनकला ओझा, परशुराम मेघी गुरुङ, राधेश्याम अधिकारी, रामलखन चमार, शशीकला दाहाल, शान्तिकुमारी अधिकारी, शेरबहादुर कुँवर र सुमनराज प्याकुरेल छन्।

सरकारको सिफारिशबाट विज्ञका रूपमा मनोनीत सदस्य रामनारायण बिडारीको पनि चार वर्षे कार्यकाल फागुन २० गते नै पूरा हुँदैछ। राष्ट्रियसभा सदस्यको कार्यकाल छ वर्ष भएपनि २०७४ सालमा पहिलोपटक गोलाप्रथाद्वारा दुई, चार र छ वर्षका लागि कार्यकाल निर्धारण गरिएको थियो। आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि रु पाँच करोड ८४ लाखको प्रारम्भिक खर्च अनुमान गरी निकासाका लागि अर्थ मन्त्रालयलाई पत्राचार गरिसकेको छ ।

राष्ट्रियसभा सदस्य निर्वाचनको मतदाताका रूपमा मुलुकका ७५३ पालिकाका प्रमुख र उपप्रमुख तथा प्रदेशसभा सदस्य रहेका छन्। राष्ट्रियसभा चुनावमा पालिका प्रमुख र उपप्रमुखको मतभार १८ तथा प्रदेशसभा सदस्यको मतभार ४८ कायम हुनेछ ।

**मौद्रिक नीतिको..........**

नेप्सेका अनुसार कारोबारका आधारमा महालक्ष्मी विकास बैंक शीर्ष स्थानमा रहेको छ । सो बैंकको रु २९ करोड ८१ लाख १९ हजार १६१ बराबरको कारोबार भयो ।

त्यस्तै, नेपाल पुनर्बीमा कम्पनी रु २३ करोड ४८ लाख छ हजार १४७, नेशनल हाइड्रो पावर रु २२ करोड ८५ लाख ९९ हजार ६७५, नेपाल दूरसञ्चार कम्पनी रु १९ करोड चार लाख ६८ हजार ५६९ र निर्धन उत्थान लघुवित्तको रु १६ करोड २० लाख २३ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार आइसिएफसी फाइनान्स ९.७८, सामलिङ पावर कम्पनी ८.२१, निर्धान उत्थान लघुवित्त ३.४३, नेपाल एसबिआई बैंक २.८६ र सानिमा जनरल इन्स्योरेन्सका लगानीकर्ताले १.५२ प्रतिशतले कमाए । हिमालयन पावर पार्टनर ८.४९, मानुषी लघुवित्त ८.०९, प्राइम लाइफ इन्स्योरेन्स ७.३४, महालक्ष्मी विकास बैंक ७.२५ र जोशी हाइड्रोपावरका लगानीकर्ताले ७.१८ प्रतिशतले गुमाए ।


**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३


**आजको राशिफल**

| | |
|---|---|
| मेष – विजय | वृष – धनखति |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – रोगभय |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**समयमा कर तिर्ने बानी बसालौं**
**जिम्मेवार नागरिकको परिचय दिऔं ।**

**वीरगंज महानगरपालिका**


## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय कोल्हबीबाट तपसिलका बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा यस कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लीलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिनेहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**जिल्लाः बारा** — **सम्बन्धित कार्यालयको नाम कृ. वि. बैंक लि., शाखा कार्यालय, कोल्हवी**

| क्र.सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम) | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य | आइडी नं. | साँवा रकम | २०७८।०७।३० गतेसम्मको ब्याज | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भगवानलाल चौधरी (८६३२) | दामोदरप्रसाद चौधरी | सत्यनारायण चौधरी | ककडी–१ | घरायसी | ६७५१३६ | २९९४४२ | ११५२४ | ३१०९६६ |
| २ | देदिया थरुनी (८७२५) | लक्षु चौधरी | देवनारायण चौधरी | सिंहासनी–२ | स.कृ.क. | १२११८७८ | ५५०००० | १९६२५ | ५६९६२५ |
| ३ | पासपत महतो कोइरी (२४६५) | ब्रह्मदेव महतो | गुरुदयाल महतो | कोल्हवी–१ | तरकारी | ६७४४६६ | ६००००० | ३२५३० | ६३२५३० |
| ४ | रामअयोध्या चौधरी (८३१९) | पाहुन चौधरी | वन्हु चौधरी | अमाव–७ | स.कृ.क. | ६७४९९१ | २५०००० | ८६३० | २५८६३० |
| ५ | रामअयोध्या चौधरी (३९०३) | बोहोरा चौधरी | पराउ चौधरी | ककडी–६ | विभिन्न | ६७४७०८ | २०८९५८४ | ४८९०० | २१३८४८४ |
| ६ | इमरितप्रसाद चौधरी (१००३४) | पुनिराम चौधरी | बिसुन चौधरी | करैयामाई–५ | स.कृ.क. | १५२०१८६ | ७००००० | ३७२०३ | ७३७२०३ |
| ७ | हरिनन्दन चौधरी (८७०५) | रामसुरत चौधरी | सन्तोषी चौधरी | अमाव–१ | घरायसी | १११६९११ | ४००००० | ३४५०६ | ४३४५०६ |
| ८ | अञ्जना देवी (८५३४) | महिन्द्र हजरा | शिवधर हजरा | करैयामाई–५ | गाईपालन | ६७४८२४ | ९८३०६ | १३०२ | ९९६०८ |
| ९ | रियान ट्रेडर्स (८७८६) प्रो प्रणव चौधरी | रामबाबू चौधरी | सितारमा खाँ थारू | कोल्हवी–११ | व्यापार | १२८८८२२ | १५९९८४७ | २३३०६ | १६२३१५३ |
| १० | एचपी फ्रेश हाउस (२७६५) प्रो सीतादेवी पाठक | भरतप्रसाद पाठक | काशीनाथ मैनाली | कोल्हवी–१ | व्यापार | १३६८०६२ | १५००००० | ७८३८७ | १५७८३८७ |
| ११ | गगनदेव ठाकुर (८३३२) | रामविलास ठाकुर | दया ठाकुर हजाम | सिंहासनी–७ | घरायसी | ६७४६३८ | ३००००० | १५८८६ | ३१५८८६ |
| १२ | किशोरी चौधरी (८३५६) | गोविन्द चौधरी | दुखा चौधरी | तेतरिया–२ | सेवा कर्जा | ६७४४१४ | १३०००० | ८८०६ | १३८८०६ |
| १३ | बैजन्त्री चौधरी (८५१२) | जगजीवनप्रसाद चौधरी | लक्ष्मीनारायण चौधरी | बछनपूर्वा–७ | सेवा कर्जा | ६७४७९४ | ६००००० | ३९२९५ | ६३९२९५ |
| १४ | शम्भुप्रसाद चौधरी (१००३१) | देवनारायण राय थारू | पाचु राय | कोल्हवी–१ | स.कृ.क. | १५१३७३६ | ९००००० | ४६२४६ | ९४६२४६ |
| | | | | | | कुल जम्मा | १००१७१७९ | ४०६१४६ | १०४२३३२५ |

**कृषि विकास बैंक लि.**, प्रादेशिक कार्यालय, वीरगंज

# अपराध न्यूनीकरण गरी शान्ति सुरक्षा कायम गर्छु –प्रउ बस्नेत

प्रस, वीरगंज, १२ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले अपराध न्यूनीकरण गरी समाजमा शान्ति सुरक्षा कायम गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।



तस्वीरः प्रतीक

जिप्रका पर्साको प्रमुखमा कार्यभार सम्हालेपछि आइतवार पत्रकार सम्मेलन गरी प्रहरी उपरीक्षक बस्नेतले शान्ति सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताए । उनले समाजबाट अपराध न्यूनीकरण गर्न स्थानीयको सहयोगसँगै सञ्चारकर्मीहरूको भूमिका महत्त्वपूर्ण हुने भन्दै यस कार्यमा सघाउन आग्रह गरे ।

पत्रकारहरूले भने सीमामा खटेका सुरक्षाकर्मीहरूबाट आर्थिक अपराधका घटना बढिरहेको भन्दै प्रउको ध्यानाकर्षण गराएका थिए ।

उनीहरूले सोझासाझा जनतालाई प्रहरीले समात्ने र मुद्दा लगाएर दुःख दिने जस्ता घटनाहरू पनि बढिरहेको भन्दै त्यस्ता घटना न्यूनीकरण गर्न सुझाएका थिए ।

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, शाखा अध्यक्ष अनुप तिवारीलगायत पत्रकारहरूको सहभागिता थियो ।

# नक्कली नागरिकता प्रकरणः प्रहरीमाथि पनि आरोप

प्रस, वीरगंज, १२ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साले नक्कली नागरिकहरूमाथि मुद्दा दर्ता गरी अनुसन्धान शुरू गरेपछि अनुसन्धानको दायरामा रहेका व्यक्तिहरूबीच भागदौड मच्चिएको समाचार छ ।



जिल्ला प्रशासन कार्यालय, पर्साले अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा चैत १० गते ७५ वटा नागरिकताको फाइल पठाएको थियो । सोमध्ये ६८ जनामाथि नागरिकता ऐनसम्बन्धी मुद्दा दर्ता भइसकेको र बाहिरी जिल्लाबाट नागरिकता लिएका सातजनालाई अनुसन्धानका लागि सम्बन्धित जिल्लामा पठाएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए । अनुसन्धान पूरा भएका चारवटा फाइललाई जिल्ला अदालतमा पठाएको प्रनाउ खनालले बताए । गैरनागरिकहरूले बेलाबखत नेपालबाट नागरिकता लिएपछि उनीहरूविरुद्ध परेको उजूरीमाथि छानबीन गरी आवश्यक कारबाहीका लागि तत्कालीन प्रमुख जिल्ला अधिकारी आसमान तामाङले सो फाइल पठाएको सूचना अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए ।

यसअघि नागरिकतासम्बन्धी छानबीन जिल्ला प्रशासन कार्यालय, पर्साले गर्दै आएको थियो । त्यहाँबाट हुने छानबीनमा कसूरवारसँग रकम असुल्ने गरिएको आरोप लाग्दै आएको थियो । अहिले यो अनुसन्धान प्रहरीमा पठाएपछि सोही अनुरूपको आरोप शुरू भएको छ । चैतमा जिल्ला प्रशासनले पठाएको फाइललाई लामो अवधिसम्म मुद्दा प्रक्रियामा नपुऱ्याउनु र दर्ता भएका फाइलहरूका अभियुक्तहरूलाई पनि पक्राउ गरेर कारबाई प्रक्रियामा नल्याउनुले अहिले प्रहरीमाथि आर्थिक अनियमितताका आरोप लाग्ने गरेको छ ।

नागरिकताको विषयमा अहिले मुद्दा फाँटमा दिनहुँ बिचौलियाहरूको चहलपहल बढेको एकजना प्रहरीले बताए ।

# थप १५८ जनामा कोरोना सङ्क्रमण

काठमाडौं, १२ मङ्सिर/रासस

पछिल्लो २४ घण्टामा थप १५८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा ६ हजार ६०४ जनाको पिसिआर परीक्षण गर्दा १५४ तथा दुई हजार ३१४ जनाको एन्टिजेन परीक्षण गर्दा चारजनामा कोरोना सङ्क्रमण देखिएको हो ।

योसँगै नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या नौ लाख १६ हजार ३५० पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ३४२ जना निको भएर घर फर्किएसँगै हालसम्म आठ लाख दुई हजार ३८९ जना सङ्क्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ६ हजार ९६६ छ । जसमध्ये ६ हजार ५८९ जना होम आइसोलेशनमा र ३७७ जना संस्थागत आइसोलेशनमा छन् । कोरोनाका बिरामीमध्ये १७१ जना आइसियूमा र ३३ जना भेन्टिलेटरमा उपचाररत छन् । १० वर्षमुनिका तीनजना बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । ११ देखि २० वर्ष उमेर समूहका १३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट दुईजनाको मृत्यु भएसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५२३ पुगेको छ ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# औराहामा ३ महीने निश्शुल्क तालीम शुरू

प्रस, वीरगंज, १२ मङ्सिर/

इभेन्ट परियोजना दोस्रोको आर्थिक



तस्वीरः प्रतीक

सहयोग र रोजगार तथा सीप विकास तालीम केन्द्र प्रालिको सहकार्यमा तीन महीने ड्रेसमेकर तालीम सखुवाप्रसौनी गाउँपालिका-२ औराहा पंचगावाँमा आइतवारदेखि शुरू भएको छ ।

तालीमको उद्घाटन गर्दै गापाका उपप्रमुख फूलमती चौधरीले सीपले मानिसलाई रोजगार बनाउने बताइन् । उनले शिक्षाले जीवनलाई उज्यालो बनाउँछ भने सीपले मानिसलाई दक्ष बनाइ रोजगारको अवसर दिने बताइन् ।

कार्यक्रममा सामाजिक विकास शाखा प्रमुख विनोद यादव, चन्दन चन्द्रवंशी, साबिर अहमद अन्सारी, अरविन्द पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए । तालीमको प्रशिक्षकमा गायत्री चौधरी तथा राजमती चौधरी छन् । तालीममा २० जना महिलाको सहभागिता रहेको अरबिन्द पटेलले जानकारी गराए ।

त्यसैगरी, वीरगंज महानगर वडा नं ४ र ८ मा आजदेखि सोही तालीम शुरू भएको छ ।

# खेलकूदको संसार

## टी–२० मेयर कपः सखुवाप्रसौनी र छिपहरमाई गापा विजयी

प्रस, पोखरिया, १२ मङ्सिर/

पोखरिया युवा समाजको आयोजनामा सञ्चालित टी–२० मेयर कपको आइतवार सम्पन्न खेलमा सखुवाप्रसौनी र



तस्वीरः प्रतीक

छिपहरमाई गाउँपालिका विजयी भएका छन् ।

पहिलो खेल सखुवाप्रसौनी र जगरनाथपुर गापाबीच भएको थियो । सखुवाप्रसौनीले टस जितेर १६ ओभरमा १०४ रन बनाएको थियो । प्रतिउत्तरमा जगरनाथपुर ८५ रनमा अलआउट भयो । प्रतियोगितामा ‘म्याद अफ दी म्याच’ सखुवाप्रसौनीका आदित्यकुमार घोषित भए । उनले ४६ रन बनाएका थिए ।

त्यसैगरी, दोस्रो खेल छिपहरमाई र विन्ध्यवासिनी गापाबीच भएको थियो । छिपहरमाई गापाले १४ ओभरमा ४ विकेट गुमाउँदै ११६ रन बनाएको थियो । प्रतिउत्तरमा विन्ध्यवासिनी गापाले ८ विकेटको क्षतिमा ११२ रन बनाएको थियो । यस खेलमा ‘म्यान अफ दी म्याच’ छिपहरमाईका टुना कुमार घोषित भएको युवा समाजका उपाध्यक्ष दिनेश मिश्रले जानकारी गराए ।

# धोबिनीमा गापा अध्यक्ष र अधिकृतबीच खटपट अधिकृतको खाता रोक्कासहित गाडी फिर्ता

प्रस, वीरगंज, १२ मङ्सिर/

पर्साको धोबिनी गाउँपालिकाका



अध्यक्ष कुर्मीले दुरुपयोग गरेका दुईवटा सरकारी गाडी । तस्वीरः प्रतीक

अध्यक्ष सुरेशप्रसाद कुर्मीले सरकारी गाडीको दुरुपयोग गरिरहेको समाचार प्राप्त भएको छ ।

अध्यक्ष कुर्मीले गाउँपालिकाको प्र. २ ००१ झ ३३ र प्र. २ ००१ झ ३४ नम्बरका दुईवटा स्कार्पियो गाडी आफ्नो कब्जामा लिएर दुरुपयोग गरिरहेको स्थानीयहरूले बताएका छन् ।

गापा अध्यक्ष कुर्मीले पहिलेदेखि नै पालिकाको एउटा स्कार्पियो गाडी प्रयोग गर्दै आए पनि कार्यालयको कामकाजमा प्रयोग हुँदै आएको अर्को हाफ बडी स्कार्पियो गाडी पनि आफ्नो कब्जामा लिएका छन् ।

स्थानीयका अनुसार नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भिखमपुरका छात्राहरूको आवश्यकतालाई मध्यनजर गर्दै प्रमुख प्रशासकीय अधिकृत राजु साहले पालिकाको हाफ बडी स्कार्पियो गाडीमा सेनेटरी प्याड राखी विद्यालयमा आफैं पुगी छात्राहरूलाई वितरण गरेपछि रिसाएका अध्यक्ष कुर्मीले कार्यालयको कामकाजमा प्रयोग हुँदै आएको सो गाडी पनि ड्राइभरसँग आफ्नो घरमा मगाएर हैकमबाजी देखाएका हुन् ।

आफूले चाहेको व्यक्तिलाई विद्यालयको प्रधानाध्यापक बनाउने अध्यक्ष कुर्मीको योजना अदालतले तुहाएपछि असन्तुष्ट बनेका उनी सोही विद्यालयमा प्रमुख प्रशासकीय अधिकृत साहले सेनेटरी प्याड वितरण गरेपछि प्रमुख प्रशासकीय अधिकृत साहमाथि आक्रोशित भएको स्थानीयहरूको भनाइ छ ।

केही दिनअघि विद्यार्थीहरू गापाको कार्यालयमा पुगी आन्दोलन गरेको र उनीहरूले ११ सूत्रीय मागसहित सहमति गरे अनुरूप प्रमुख प्रशासकीय अधिकृत राजु साहले सेनेटरी प्याड वितरण गरेका थिए । सोको मौखिकरूपमा गापा अध्यक्ष कुर्मीलाई जानकारी गराएको तर कुर्मीले आफ्नो उपस्थितिमा वितरण गर्न खोजेका थिए ।

प्रमुख प्रशासकीय अधिकृत साहले आफूले गाउँपालिकामा विकास निर्माण कार्यलाई गति दिए पनि अध्यक्ष कुर्मी गाउँपालिकाको कामकाजमाभन्दा आफ्नो सरुवा गराउनमा व्यस्त देखिएको बताए । जसका कारण गाउँपालिकामा विकास निर्माणका काम प्रभावित हुने उनले बताए ।

साह आएदेखि धोबिनी गाउँपालिकामा सुधार हुँदै गए पनि अध्यक्ष कुर्मीका कारण पहिले जस्तै बाँडीचुँडी खाने प्रवृत्ति गाउँपालिकामा मौलाएको स्थानीयहरूले बताएका छन् ।


पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६)को पालना गरौं ।
घटनासँग असम्बन्धित व्यक्ति/संस्थाको नाम उल्लेख नगरौं ॥

- पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन–प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजीकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्र हत्या हुने गरी कुनै पनि सामग्री प्रस्तुत गर्नुहुँदैन ।
- यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मूल्याङ्कनविना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्वीर र दृश्य सम्पादन, वितरण वा प्रकाशन/प्रसारण गर्नुहुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड